# निजगढ राजपत्र

## निजगढ नगरपालिकाद्वारा प्रकाशित

खण्डः ७ संख्याः ११ मितिः २०८०/१२/१०

## भाग -१

# निजगढ नगरपालिकाको भाषा, साहित्य, कला तथा संस्कृति प्रतिष्ठान ऐन, २०८०

<u>**प्रस्तावनाः**</u> निजगढ नगरपालिका क्षेत्रभित्रको भाषा, साहित्य, कला तथा संस्कृतिको संरक्षण, सम्वर्द्धन र विकास गर्दै, यस नगर क्षेत्रका क्रियाशील स्रष्टाहरूको सिर्जना तथा प्रतिभाको प्रस्फुटन गर्ने र स्रष्टाको सम्मान गर्न निजगढ नगर स्तरमा एक प्रतिष्ठानको व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ (१) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) बमोजिम निजगढ नगर सभाले यो ऐन बनाई जारी गरेको छ ।

# परिच्छेद–१

## प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "निजगढ नगरपालिकाको भाषा, साहित्य, कला तथा संस्कृति प्रतिष्ठान ऐन, २०८०" रहनेछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो ऐनको कार्यक्षेत्र निजगढ नगरपालिका क्षेत्र भित्र रहने छ ।

२. **परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा;

(क) "अध्यक्ष" भन्नाले निजगढ नगर भाषा, साहित्य, कला तथा संस्कृति प्रतिष्ठानको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "उपप्रमुख" भन्नाले निजगढ नगरपालिकाको उपप्रमुख सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले निजगढ नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ ।

(घ) "कार्यपालिका सदस्य" भन्नाले निजगढ नगरपालिकाको कार्यपालिका सदस्य सम्झनु पर्छ ।

(ङ) “नगरपालिका” भन्नाले निजगढ नगरपालिका सम्झनु पर्छ।

(च) “प्रतिष्ठान” भन्नाले दफा ३ बमोजिम गठन भएको निजगढ नगरपालिकाको भाषा, साहित्य, कला तथा संस्कृति प्रतिष्ठान सम्झनु पर्छ।

(छ) “प्रमुख” भन्नाले निजगढ नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ।

(ज) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले निजगढ नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(झ) “सचिवालय” भन्नाले भाषा, साहित्य, कला तथा संस्कृति प्रतिष्ठानको सचिवालय सम्झनु पर्छ ।

(ञ) “सदस्य सचिव” भन्नाले निजगढ नगरपालिकाको भाषा, साहित्य, कला तथा संस्कृति प्रतिष्ठानको सदस्य सचिवको कामकाज गर्न तोकिएको कर्मचारी सम्झनु पर्छ ।

(ट) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद–२

## प्रतिष्ठानको स्थापना, काम, कर्तव्य र अधिकार

३. **प्रतिष्ठानको स्थापनाः** (१) नगर भित्र रहेका भाषा, साहित्य, कला, संस्कृतिको अध्ययन, अनुसन्धान, संरक्षण, सम्वर्द्धन र विकासका लागि संस्कृति प्रतिष्ठान स्थापना गरिनेछ ।

(२) प्रतिष्ठानमा पदाधिकारी देहाय बमोजिम रहनेछन :

| | | |
|---|---|---|
| (क) | नगर प्रमुख | अध्यक्ष |
| (ख) | नगर उपप्रमुख | सदस्य |
| (ग) | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) | कार्यपालिका सदस्य (वडा अध्यक्षसमेत) हरु मध्येबाट कम्तिमा एक जना महिला सहित कार्यपालिकाले तोकेको ३ जना | सदस्य |

(ङ) नगर सभा सदस्यहरू मध्येबाट अध्यक्षले मनोनित गरेको एक जना दलित महिला सहित २ जना महिला सदस्य — सदस्य

(च) भाषा साहित्य कला तथा संस्कृतिको क्षेत्रमा योगदान पुर्याएका फरक फरक विधाका १ महिला सहित ५ जना — सदस्य

(छ) भाषा साहित्य कला तथा संस्कृतिको क्षेत्रमा योगदान पुर्याएका फरक क्षमता भएका व्यक्तिहरू मध्ये १ जना — सदस्य

(ज) प्रमुख प्रशासकीय अधिकृतले तोकेको कुनै अधिकृत वा शाखा प्रमुख — सदस्य सचिव

(३) मनोनित सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ ।

(४) कुनै कारणले प्रतिष्ठानको मनोनित सदस्यको पद रिक्त हुन आएमा बाँकी कार्यकालको लागि

त्यस्तो सदस्य जुन विधा, क्षेत्रबाट मनोनयन भएको हो सोही विधा, क्षेत्र र प्रक्रियाबाट अर्को व्यक्तिलाई मनोनयन गरिने छ।

(५) प्रतिष्ठानको कार्यालय नगरपालिका कार्यालयमा वा नगरपालिकाले तोकेको स्थानमा रहने छ ।

४. **<u>प्रतिष्ठान स्वतन्त्र र अधिकार सम्पन्न हुनेः</u>** (१) प्रतिष्ठान एक स्वतन्त्र र अधिकार सम्पन्न संस्था रहने छ ।

(२) प्रतिष्ठान सञ्चालन सम्बन्धी आवश्यक कार्यविधि प्रतिष्ठानले तयार गरे बमोजिम हुनेछ ।

५. **<u>प्रतिष्ठानको काम, कर्तव्य र अधिकारहरुः</u>** प्रतिष्ठानको काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम हुनेछ :

(क) नगरपालिकाको समग्र भाषा, साहित्य, कला, संस्कृतिको विकासको दीर्घकालिन आवधिक र वार्षिक योजना तयार गर्ने ।

(ख) प्रतिष्ठानको नीति तथा कार्यक्रम तर्जुमा गर्ने ।

(ग) नगर भित्र रहेका भाषा, लिपि, साहित्य, कला, संस्कृतिको अध्ययन, अनुसन्धान, संरक्षण, सम्वर्द्धन र विकासका लागि कार्यक्रमहरु सञ्चालन गर्ने ।

(घ) नगर क्षेत्र भित्रका स्रष्टाहरुको मौलिक कृति र सिर्जना प्रकाशनको लागि प्रोत्साहन गर्ने ।

(ङ) भाषा, साहित्य, कला तथा संस्कृतिको क्षेत्रमा योगदान पुर्याउने व्यक्ति तथा संस्थाहरूलाई कदर सम्मान तथा पुरस्कृत गर्ने ।

(च) नगर क्षेत्र भित्रका सामुदायिक पुस्तकालयहरुलाई व्यवस्थित रुपमा सञ्चालन गर्न प्रोत्साहन गर्ने ।

(छ) नगर भित्र रहेका साहित्यिक संस्थाहरु निजगढ नगरमा दर्ता, नवीकरण र सूचीकरण गर्ने ।

(ज) भाषा, साहित्य, कला तथा संस्कृति सम्वन्धी पुस्तकालय, ग्यालरी तथा संग्राहलय स्थापना गर्ने ।

(झ) भौतिक पूर्वाधार निर्माणमा संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्ने ।

(ञ) स्थानीय, प्रदेश, राष्ट्रिय स्तरका कार्यशाला, सम्मेलन, प्रदर्शनी, साहित्य र साँस्कृतिक महोत्सव तथा प्रतियोगिताको आयोजना गर्ने।

(ट) यस क्षेत्रका अन्य व्यक्ति तथा संघ संस्थासंग सम्बन्ध स्थापना र विस्तार गर्ने तथा पारस्परिक सहयोग आदान प्रदान गर्ने ।

(ठ) नगर क्षेत्र भित्र रहेका भाषा साहित्य कला तथा संस्कृति सम्बद्ध संघ संस्थाहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने नियामक निकायको भूमिका निर्वाह गर्ने ।

(ड) वार्षिक कार्यक्रम, बजेट, कार्यक्रमहरु प्रगति प्रतिवेदन तयार गर्ने गराउने,

(ढ) आवश्यक अन्य कार्यहरू गर्ने ।

६. <u>**प्रतिष्ठानको बैठक सम्बन्धी व्यवस्थाः**</u> (१) प्रतिष्ठानको बैठक सामान्यतः वर्षको दुई पटक बस्नेछ । बैठक बस्नु अघि बैठक बस्ने स्थान, मिति, समय र छलफलका कार्यसूची सहितको सदस्यहरुलाई कम्तिमा सात दिन पहिले दिनु पर्नेछ ।

(२) प्रतिष्ठानमा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा प्रतिष्ठानको बैठकको लागि गणपूरक संख्या पुगेको मानिने छ ।

(३) प्रतिष्ठानको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ ।

(४) प्रतिष्ठानको बैठकमा अध्यक्ष सहित बहुमतको राय मान्य हुनेछ ।

(५) प्रतिष्ठानको बैठकको निर्णय प्रतिष्ठानको अध्यक्ष र सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

(६) प्रतिष्ठानको बैठक सम्बन्धी अन्य कार्यविधि प्रतिष्ठान आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

७. **प्रतिष्ठानको संरचना :** प्रतिष्ठानमा आवाश्यक्ता अनुसार विभिन्न विधाको छुट्टाछुट्टै विभाग/शाखा रहन सक्नेछ ।

## परिच्छेद-३

## प्रतिष्ठानको अध्यक्ष तथा सचिवालय

८. **अध्यक्षः** (१) अध्यक्ष प्रतिष्ठानको प्रमुख पदाधिकारी हुनेछ ।

(२) अध्यक्षले सदस्य सचिवलाई बैठक आव्हान गर्न निर्देशन दिनेछ ।

(३) अध्यक्षको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

९. **<u>सदस्य सचिवः</u>** (१) प्रतिष्ठानको काम कारवाहीलाई व्यवस्थित ढंगले सञ्चालन गर्न सम्बन्धित शाखा प्रमुख सदस्य सचिव हुनेछ।

(२) सदस्य सचिवले अध्यक्षको निर्देशनमा बैठक बोलाउनेछ ।

(३) बैठकको माईन्युट गर्ने ।

(४) प्रतिष्ठानको योजना तर्जुमा लागत बजेट तयार गर्ने ।

(५) तोकिए बमोजिम अन्य काम गर्ने ।

१०. **<u>पद रिक्त हुनेः</u>** देहायका अवस्थामा प्रतिष्ठानको सदस्यहरुको पद रिक्त मानिनेछः

(क) निजको पदावधि समाप्त भएमा ।

(ख) निजले राजीनामा दिएमा ।

(ग) निजको मानसिक सन्तुलन ठीक नभएमा ।

(घ) निजले नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा ।

(ङ) मनोनित सदस्यको हकमा निजको काम सन्तोषजनक नदेखिएमा मनोनित गर्नेले नियमानुसार पदबाट हटाएमा ।

(च) निजको मृत्यु भएमा ।

११. <u>**सचिवालय**</u> : (१) प्रतिष्ठानको सचिवालय नगरपालिका कार्यालयमा वा नगरपालिकाले तोकेको स्थानमा रहने छ ।

(२) भाषा, साहित्य, कला तथा संस्कृति प्रतिष्ठानको सर्म्पक/समन्वय शाखा प्रमुख प्रशासकीय अधिकृतले तोके बमोजिम हुनेछ ।

(३) प्रतिष्ठानको वार्षिक प्रतिवेदन यस शाखा मार्फत नगरपालिकामा पेश हुनेछ ।

(४) सचिवालयमा प्रतिष्ठानको सचिव र आवश्यकता अनुसार अन्य कर्मचारीहरु रहन सक्नेछन ।

## परिच्छेद–४

## <u>कोष सम्बन्धी व्यवस्था</u>

१२. <u>**प्रतिष्ठानको कोषः**</u> (१) प्रतिष्ठानको आफ्नो छुट्टै कोष रहनेछ ।

(२)  उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछ ।

(क) नगरपालिकाबाट प्राप्त रकम ।

(ख) प्रदेश वा संघीय सरकारबाट प्राप्त रकम ।

(ग) विदेशी सरकार वा अन्तराष्ट्रिय संघ संस्थाबाट नियमानुसार प्राप्त रकम ।

(घ) प्रवेश शुल्क, भाडा तथा कक्ष शुल्कबाट उठने रकम ।

(ङ) कुनै व्यक्ति वा संस्थाले चन्दा वा सहायता स्वरूप प्रदान गरेको रकम,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) समितिको नामबाट गरिने सबै खर्च कोषबाट व्यहोरिनेछ । आर्थिक कारोवार प्रचलित कानून बमोजिम हुनेछ ।

(४) समितिको कोषमा रहने रकम बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(५) समितिको खाता सञ्चालन तोकिए बमोजिम हुनेछ ।

# परिच्छेद-५

## विविध

१३. **सपथः** प्रतिष्ठानको सदस्यहरुले ***अनुसूची —1*** बमोजिम अध्यक्ष समक्ष शपथ लिनु पर्नेछ ।

१४. **सेवा, शर्त र सुविधा** : प्रतिष्ठानको सदस्यहरुको सेवा, शर्त र सुविधा तोकिए बमोजिम हुनेछ ।

१५. प्रतिष्ठानले मापदण्ड निर्धारण गरी नगरको भाषा, साहित्य, कला, संस्कृतिको क्षेत्रमा विशिष्ट योगदान पुर्याउने स्रष्टाहरुलाई ऐन बमोजिम विशिष्ट, आजीवन, श्रेयस्कर सदस्यता उपलब्ध गराउन सक्नेछ ।

१६. **अधिकार प्रत्यायोजनः** अध्यक्षलाई प्राप्त अधिकार अध्यक्षले उपप्रमुखको सहमतिमा उपप्रमुख वा समितिको कुनै सदस्यलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१७. **नियम बनाउने अधिकारः** नगर कार्यपालिकाले यस ऐनको उदेश्य कार्यान्वयन गर्न आवश्यक नियमावली, कार्यविधि, निर्देशिका बनाउन सक्नेछ ।

१८. **संसोधन सम्बन्धी व्यवस्था :** नगर सभाले यस ऐनमा आवश्यक संसोधन, हेरफेर र खारेजी गर्न सक्नेछ ।

## अनुसूची-१
## (दफा १३ सँग सम्बन्धित)

**<u>शपथ</u>**

यस निजगढ नगरपालिकाको भाषा, साहित्य, कला तथा संस्कृति प्रतिष्ठानको ........................ म ......................................................... ल नगरपालिकाको नगर क्षेत्र भित्रका भाषा, साहित्य, कला तथा संस्कृतिको विकासमा मेरो ज्ञान, विवेक र सामर्थ्यले भ्याएसम्म आफ्नो कार्यकालमा ईमान्दारीतापूर्वक कार्य गर्नेछु । यस क्षेत्रमा भएका काम कारवाहीको आफ्नो प्रतिष्ठान/समिति बाहेक अन्यत्र राखुपर्ने गोपनीयतालाई सुरक्षित राख्नेछु भनि म नैतिक रुपमा शपथ लिन्छु ।

| **<u>शपथ ग्रहण गर्नेको</u>** | **<u>शपथ गराउनेको</u>** |
|---|---|
| नामः- | नामः |
| पदः- | पदः |
| हस्ताक्षरः- | हस्ताक्षरः - |

**<u>आज्ञाले</u>**

अजय बतौंला

प्रमुख प्रशासकीय अधिकृत